# स्थानीय राजपत्र

सूर्यविनायक नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४) कटुञ्जे, भक्तपुर माघ १४ गते, २०७७ साल (संख्याः ०४

## भाग १

### स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

**कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल**

## सूर्यविनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सूचना

सूर्यविनायक नगरपालिका नगरसभाले बनाएको तल लेखिए बमोजिमको सूर्यविनायक नगर अस्पताल संचालन तथा व्यवस्थापन ऐन, २०७७ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७७ सालको ऐन नं. ०४**

## सूर्यविनायक नगर अस्पताल संचालन तथा व्यवस्थापन ऐन, २०७७

# सूर्यविनायक नगर अस्पताल संचालन तथा व्यवस्थापन ऐन, २०७७

**प्रस्तावना** : सूर्यविनायक नगरपालिकाबाट स्वदेशी तथा विदेशी नागरिकहरूलाई गुणस्तरीय, भरपर्दो र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा (१) बमोजिम यो सूर्यविनायक नगरपालिका अस्पताल संचालन तथा ब्यबस्थापन ऐन, २०७७" ऐन आठौं नगरसभाबाट स्वीकृत गरी जारी गरिएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "सूर्यविनायक नगर अस्पताल संचालन तथा ब्यबस्थापन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "नगरपालिका"भन्नाले सूर्यविनायक नगरपालिका, भक्तपुर सम्झनु पर्छ ।

(ख) "व्यवस्थापन समिति" भन्नाले दफा ३ बमोजिम गठित सूर्यविनायक नगरपालिका अस्पताल ब्यबस्थापन तथा ब्यबस्थापनको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "अस्पताल" भन्नाले सूर्यविनायक नगरपालिका अस्पताल सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले व्यवस्थापन समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(च) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "नगर प्रमुख" भन्नाले सूर्यविनायक नगरपालिकाको नगर प्रमुख वा नगर प्रमुखको रुपमा कार्य गर्न तोकिएको ब्यक्ति सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सूर्यविनायक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न तोकिएको ब्यक्ति सम्झनु पर्छ ।

(ञ) "कार्यपालिका" भन्नाले सूर्यविनायक नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(२) यो अस्पताल सूर्यविनायक नगरपालिकाद्वारा संचालन हुनेछ । यसले आफ्नो नाममा सम्पत्ति खरिद विक्री, नालिस उजुर गर्न सक्नेछ । यसले सूर्यविनायक नगरपालिकाको छापलाई प्रयोगमा ल्याउने छ ।

३. **व्यवस्थापन समितिको गठन** : (१) सूर्यविनायक नगरपालिका अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (३.१) बमोजिमको व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्य रहनेछन् :

(क) नगर प्रमुख, सूर्यविनायक नगरपालिका - अध्यक्ष

(ख) उप प्रमुख, सूर्यविनायक नगरपालिका - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, सूर्यविनायक नगरपालिका - सदस्य

(घ) नगर प्रमुखले मनोनयन गरेको वडा अध्यक्ष १ र महिला सदस्य १ जना - सदस्य

(ङ) अस्पतालको केन्द्र रहने वडाको वडा अध्यक्ष - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगर कार्यपालिकाको अधिकृतस्तरको कर्मचारी - सदस्य

(छ) कार्यकारी निर्देशक, सूर्यविनायक नगरपालिका अस्पताल - सदस्य सचिव

(३) सूर्यविनायक नगरपालिकामा जनप्रतिनिधि रिक्त भएको अबस्थामा वा निर्बाचनको माध्यमबाट पदाधिकारी पूर्ति नगरी रिक्त अबस्थामा यस समितिको अध्यक्षता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ । जनप्रतिनिधिको प्रतिनिधित्व रिक्तताको अन्तरिम ब्यवस्थापन नगरपालिको निर्णयानुसार गरिनेछ ।

(४) अस्पतालको केन्द्र रहेको क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभाको माननीय सदस्यलाई स्थायी आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ ।

४. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवालाई स्तरीय बनाउनका लागि अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमको मसौदा तयार गरी नगरपालिका समक्ष स्वीकृतिका लागि पेश गर्ने ।

(ख) अस्पताल व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रमको मस्यौदा गर्ने,

(ग) अस्पतालको बार्षिक कार्यक्रम तथा बजेटको मसौदा तयार गरी स्वीकृतिका लागि नगरपालिका समक्ष पेश गर्ने

(घ) अस्पतालको भौत्तिक पूर्वाधारको विकास तथा विस्तार गर्ने वा गराउने सम्बन्धमा नीति निर्धारण गर्ने ,

(ङ) अस्पतालको चल, अचल सम्पत्तिको संरक्षण, सञ्चालन तथा वृद्धि सम्वन्धी आवश्यक काम गर्ने,

(च) अस्पतालको विकास तथा विस्तारको लागि आवश्यक सहयोग गर्ने ,

(छ) नेपाल सरकारको गरीब तथा असहाय सम्बन्धी नीति अनुरुप निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउने मापदण्ड स्वीकृत गर्ने,

(ज) अस्पतालको सेवालाई आवश्यक पर्ने पद तथा दरबन्दी यकिन गरी स्वीकृतिका लागि नगरपालिका समक्ष पेश गर्ने ,

(झ) अस्पतालले प्रदान गर्ने सेवा शुल्क, फारमेशी, ल्याव, दररेटको प्रस्ताब तयार गरी स्वीकृतिका लगि नगरपालिकन समक्ष पेश गर्ने,

(ञ) स्वास्थ्य सम्बन्धी विभिन्न अनुसन्धान एवं आवश्यक तालिम सञ्चालन गर्ने र

(ट) अस्पताल सञ्चालन सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने

५. **व्यवस्थापन समितिको बैठक र निर्णय** : (१) व्यवस्थापन समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका एक तिहाई सदस्यले बैठक बोलाउनको लागि लिखित रुपमा माग गरेमा सदस्य सचिवले सो कुराको जानकारी अध्यक्षलाई गराई समितिको बैठक बोलाउनेछ ।

(३) व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(४) व्यवस्थापन समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितीमा उपस्थित सदस्यहरूले आफूहरू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) व्यवस्थापन समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत समेत दिनेछ ।

(७) व्यवस्थापन समितिको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) व्यवस्थापन समितिले आवश्यक देखेमा विशेषज्ञलाई पर्यवेक्षकको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न  सक्नेछ ।

(९) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **कार्यकारी निर्देशक** : (१) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन, नियन्त्रण र समन्वयमा कार्य गर्ने गरी कार्यकारी निर्देशकले अस्पतालको दैनिक कार्य संचालन गर्नेछ ।

(२) कार्यकारी निर्देशकको नियुक्ति कानून बमोजिम नगरपालिकाले गर्नेछ ।

(३) अस्पतालको आर्थिक तथा प्रशासनिक अधिकारको प्रयोग नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत वा निजबाट प्रत्यायोजित अधिकार बमोजिम हुनेछ ।

(४) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक तथा सेवाको शर्त सम्बन्धी व्यवस्था कानून बमोजिम हुनेछ ।

७. **संगठन संरचना र कर्मचारी ब्यबस्थापन** : (१) अस्पतालको संगठन संरचना नगरपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) अस्पताल कर्मचारीको ब्यबस्थापन र संचालन कानून बमोजि हुनेछ ।

(३) अस्पतालको कर्मचारीको ब्यबस्थापन र संचालनको अधिकार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहनेछ ।

८. **वार्षिक प्रतिवेदन पेश गर्ने** : (१) अस्पतालले तोकिए बमोजिमको विवरण खुलाई मासिक, चौमासिक, बार्षिक प्रतिबेदन तयार गरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष अस्पतालको कार्यकायरी निर्देशकले पेश गर्न पर्नेछ ।

(२) अस्पतालबाट प्राप्त प्रतिवेदन प्रमुख प्रशासकीय अधिककृतले नियमित नगर कार्यपालिकाको बैठक समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(३) कार्यपालिकाको वैठकले प्राप्त प्रतिवेदन विस्तृत अध्ययन गरी सुझाव पेश गर्नु पर्ने भएमा सामाजिक विकास समितिमा पठाउने छ ।

(४) सामाजिक विकास समितिले सुझाव वा सुधार सम्वन्धी कुनै विषय भएमा कार्यपालिकाको वैठक समक्ष पेश गर्नु पर्नेछ । कार्यपालिकाको वैठकबाट प्राप्त निर्देशन प्रमुख प्रशासकीय अधिकृत मार्फत अस्पतालको कार्यकारी निर्देशकलाई कार्यान्वयनका लागि लेखी पठाउनु पर्नेछ ।

९. **उपसमिति गठन गर्न सक्ने** : (१) व्यवस्थापन समितिले आफ्नो काम कारबाही सुचारु रुपले सम्पन्न गर्नको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (९.१) बमोजिम गठित उप समितिको कार्यक्षेत्रगत र्शत तथा कार्याबधि सो उपसमिति गठन गर्दाका बखत समितिले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

१०. **अधिकार प्रत्यायोजन** : व्यवस्थापन समितिले आफूलाई प्राप्त अधिकारहरू मध्येबाट आवश्यकता अनुसार केही अधिकारहरू व्यवस्थापन समितिले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

११. **निर्देशन दिन सक्ने** : सूर्यविनायक नगरपालिकाले अस्पताललाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु अस्पतालको कर्तव्य हुनेछ ।

१२. **नेपाल सरकारसँग सम्पर्क** : अस्पतालले नेपाल सरकारसँग सम्पर्क राख्दा सूर्यविनायक नगरपालिका मार्फत राख्नु पर्नेछ ।

१३. **बैठक भत्ता** : व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यले समितिको बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता नगर कार्यपालिकाको निर्णयबाट तोके बमोजिम हुनेछ ।

१४. **व्यवस्थापन समितिको कार्यालय** : व्यवस्थापन समितिको कार्यालय सूर्यविनायक नगरपालिका अस्पतालको हाता भित्र हुनेछ ।

१५. **बचाउ** : (१) यो ऐन प्रारम्भ हुनु अघि सूर्यविनायक नगरपालिका अस्पतालले गरेका काम कारबाहीहरू यसै ऐन अर्न्तगत गरेका मानिनेछ ।

(२) यो ऐन प्रारभ्भ हुदांका बखत उपदफा १५(१) बमोजिम अस्पतालमा कार्यरत कर्मचारी यसै ऐन अर्न्तगत नियुक्त भएका मानिने छन् ।

(३) यो ऐन प्रारम्भ हुदांका बखत उपदफा १५(१) बमोजिम अस्पतालले प्राप्त गरेका चल,अचल सम्पत्ति,हक अधिकार एंब सम्पत्ति नगरपालिकामा सर्नेछ ।

प्रमाणीकरण मितिः २०७७।१०।१०

आज्ञाले,
(कमल ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत